नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

Email: info@moescdc.gov.np
www.moecdc.gov.np

# प्रेस विज्ञप्ति

आधारभूत तहअन्तर्गत कक्षा एकमा परीक्षणका लागि तयार गरिएको नेपाली भाषाको विद्यार्थी कार्यपुस्तक २०७६ (भाग १) को शीर्षक भाषा संसार रहन गएकामा केही शिक्षक तथा अन्य सरोकारवालाहरूबाट चासो व्यक्त गरी उक्त कार्यपुस्तकको शीर्षकमा नेपाली शब्द राखिनु उपयुक्त हुने भनी सुझाव दिनुभएको सन्दर्भमा प्राप्त सुझावसमेतलाई विचार गरेर नेपाली भाषा विषय समितिले नेपाली विषयको उक्त कार्यपुस्तकको शीर्षक **मेरो नेपाली** राख्न सिफारिस गरेकाले सोअनुसार पाठ्यक्रम विकास केन्द्रले नेपाली विषयको कार्यपुस्तकको शीर्षक परिवर्तन गर्ने प्रक्रिया प्रारम्भ गरेको कुरा सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ । यसमा चासो राखी सुझाव दिने सबैलाई यो केन्द्र धन्यवाद दिन्छ ।

पाठ्यक्रम तथा कार्यपुस्तकलगायतका पाठ्यक्रमसम्बद्ध सामग्रीहरू परीक्षणका लागि तयार गरिएको हुँदा परीक्षणबाट प्राप्त हुने पृष्ठपोषण समेतलाई आधार मानी आवश्यक सुधार गरेपछि कक्षा १ देखि क्रमश: देशभर कार्यान्वयन गरिने छ । पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक तथा गुणस्तरीय बनाउनका लागि प्राप्त हुने रचनात्मक सुझावहरूलाई पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

१७ जेठ, २०७६

2076/2/16